# सुरक्षाकर्मीहरु करारमा  लिने सम्वन्धी शिलवन्दी बोलपत्र आह्वान

( गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०७५/२/९ )

कोषको केन्द्रीय कार्यालय पुल्चोक, ठमेल स्थित कार्यालय (पार्किङ्ग सहित व्यापारिक क्षेत्र), धनकुटा, विराटनगर, हेटौंडा,पोखरा, बुटवल, कोहलपुर,सुर्खेत, धनगढी  र जनकपुर समेतका शाखा कार्यालयहरुको सुरक्षा गर्नको लागि सुरक्षाकर्मीहरु सेवा करारमा लिनुपर्ने भएकोले कोषले तोकेको तपसिलमा उल्लिखित शर्तको अधिनमा रही २ वर्ष अवधिको लागि सुरक्षागार्डहरु सेवा करारमा आपूर्ति गर्न इच्छुक नेपाल सरकारवाट इजाजत प्राप्त सुरक्षा सेवा कम्पनी वा सुरक्षा सेवा आपूर्ति गर्ने एजेन्सीहरुवाट  रीत पूर्वकको  शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

तपसिल

१. बोलपत्रदाताले कोषको पुल्चोक ललितपुर स्थित केन्द्रीय कार्यालय भवन ,त्रिदेबीमार्ग ठमेलस्थित भवनका साथै , धनकुटा, बिराटनगर,हेटौंडा,पोखरा, बुटवल, कोहलपुर,सुर्खेत,धनगढी र जनकपुर स्थित शाखा कार्यालयका लागि ८।८ घण्टाको पालो (Shift) मा चौबीसै घण्टा सुरक्षासेवा दिने गरी बोलपत्र फाराममा तोकिएबमोजिम एकमुष्ठ जम्मा ६० जना सुरक्षाकर्मी ( कमाण्डर समेत ) उपलब्ध गराउनु पर्नेछ । कुनै कार्यालयका लागि आंशिकरुपमा सुरक्षासेवा दिने गरी पेश भएको बोलपत्र मान्य हुने छैन ।

२. सुरक्षाकर्मी आपूर्ति गर्दा गार्ड कमाण्डरको लागि नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी सेवामा कम्तीमा ५ बर्ष सेवा गरी भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी अवकाश प्राप्त र सुरक्षा गार्डको लागि सैनिक, प्रहरी सेवावाट भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी अवकाश प्राप्त वा सुरक्षा गार्ड सम्वन्धी तालिम लिएका नेपाली नागरिक हुनु पर्नेछ  ।

३ आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७३/७४ को कर चुक्ताको प्रमाणपत्र वा कर दाखिला विवरण पेश गरेको कागजात समेत राखी रु. ३,०००/- (फिर्ता नहुने गरी) कोषको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैक पुल्चोकस्थित खाता नं. ००४०१०१०२५४३७३ मा दाखिला गरी सोको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा पुल्चोकस्थित खरिद शाखाबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ ।

४ बोलपत्रमा अंक र अक्षरमा स्पष्टसंग कबोल मूल्य भरी खाम वाहिर ***"सुरक्षाकर्मी करार सेवामा आपूर्ति गर्ने वारेको शिलवन्दी बोलपत्र"*** भन्ने उल्लेख गरी कोषलाई सम्वोधन गरी शिलवन्दी (लाहाछाप) गरी वुझाउनु पर्नेछ ।

५ बोलपत्रदाताले बोलपत्र साथ बोलपत्र जमानत वापत लाग्ने रकम रु ३,५०,०००।–(तीन लाख पचास हजार मात्र) कोषको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैक पुल्चोकस्थित खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरी सोको सक्कल भौचर वा बोलपत्र फाराम वुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद कायम रहने गरी मान्यता प्राप्त वाणिज्य वैंकबाट कोषको पक्षमा जारी भएको शर्तरहितको बैंक ग्यारेण्टी सक्कलै पेश गर्नु पर्नेछ ।

६ बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय वमोजिम हुनेछ :

(क) बोलपत्र फाराम यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन ( २०७५/३/७) गतेभित्र खरिद गरिसक्नु पर्नेछ ।

(ख) बोलपत्र फारम खरिद गर्न लाग्ने दस्तुर कोषको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैक पुल्चोकस्थित खाता नं.००४०१०१०२५४३७३ मा नगदै जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु  पर्नेछ ।

(ग) बोलपत्र फाराम वुझाउने अन्तिम मिति : गोरखापत्रमा पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७५।०३।८) १२:१५ बजेभित्र कोषको पुल्चोक स्थित खरिद शाखामा आई पुग्ने गरी वुझाई सक्नु पर्नेछ  ।

(घ) यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २० औं दिन (२०७५।०२।२८) दिनको १.०० वजे कोषको खरिद शाखा, पुल्चोकमा Pre-Bid Meeting हुनेछ ।

(ङ) प्राप्त बोलपत्रहरु ३१ औ दिन (२०७५।०३।८) दिनको १.३० वजे कोषको केन्द्रीय कार्यालय, खरिद शाखा पुल्चोकमा उपस्थित बोलपत्रदाता वा बोलपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता अनुपस्थित भएपनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

(च) उल्लिखित मितिमा विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा उक्त कार्यहरु हुनेछन् ।

(छ) बोलपत्र फिर्ता लिन चाहने वा बोलपत्रमा आवश्यक संशोधन गर्न चाहने बोलपत्रदाताले बोलपत्र पेश गर्ने मिति र समय समाप्त हुनु अगावै उक्त व्यहोरा सहितको शिलवन्दी निवेदन पेश गर्न सक्नेछ ।

७ शिलवन्दी भै नआएको, म्याद नाघी प्राप्त भएको, रीत नपुगेको वा पेश गर्नुपर्ने आवश्यक कागजात पेश नगरेको वा पर्याप्त धरौटी समावेश नभएको वा कोषले तोके बमोजिम न्यूनतम योग्यताका आधारहरु पूरा नभएको र बोलपत्रका साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु समावेश नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८ प्राप्त बोलपत्रहरु  स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार कोषमा नै सुरक्षित रहनेछ ।

९ बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नुपर्ने कार्यहरु बोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र कर्मचारी संचय कोष (खरिद) नियमावली, २०६८ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारीको आवश्यकता परेमा कोषको पुल्चोकस्थित खरिद शाखामा सम्पर्क राख्न सकिनेछ ।

१० यो सूचना कोषको वेभसाइट www.epfnepal.com.np मा पनि हेर्न सकिनेछ ।

कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

फोन नं. ५०१०१६७